# कर्मचारी अवकाश (उपदान) सेवा संचालन कार्यविधि, २०८२

धुर्कोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

गुल्मी

# कर्मचारी अवकाश (उपदान) सेवा संचालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्विकृत मिति: २०८२/०५/२०

प्रस्तावना :

नेपालको संविधानले अंगिकार गरेको सुशासन प्रवर्धन गर्न, कर्मचारीहरुको उचित व्यवस्थापन गरी समयानुकुल सेवा प्रवाह गर्न र स्थानीय तहको काम कारवाहीलाई सरल, सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामूखी बनाउदै विगत लामो समयदेखि साविक स्थानीय निकायको सेवामा समर्पित भै कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका साविक स्थानीय निकाय गाविस, गाउँपालिका र जिविस) तर्फका स्थायी कर्मचारीहरुको अवकाश पछि पाउने उपदान रकमलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,धुर्कोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी धुर्कोट गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस कार्यविधिको नाम "कर्मचारी अवकाश (उपदान) सेवा संचालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४८ र २५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ नियम २१३ अनुसार पदपूर्ति गरिएका साविक स्थानीय निकायका नियम २६४ चौथो संशोधन, नियम २६५, २६६, २६७ र २६८ बमोजिमका कर्मचारीहरुमा मात्र लागू हुनेछ।

**२. परिभाषा र व्याख्या:-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले कर्मचारी अवकाश (उपदान) सेवा संचालन कार्यविधि, २०८२ सम्झनु पर्छ।

(ग) "उपदान" भन्नाले तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४८ र २५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ नियम २१३ अनुसार पदपूर्ति गरिएका कर्मचारीहरुले नियम २६८ बमोजिम प्राप्त गर्ने उपदानलाई सम्झनु पर्छ।

अध्यक्ष

Scanned with CamScanner

(घ) "कर्मचारी कल्याण कोष" भन्नाले कर्मचारीको सेवा सुविधा तथा कल्याण सम्बन्धि कार्य गर्नखोलिएको कोष सम्झनु पर्छ।

(ङ) "उपचार खर्च" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ अनुसार तत्कालीन स्थानीय निकायका कर्मचारीहरुलाई उपलब्ध गराइने उपचार खर्चलाई सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले धुर्कोट गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(छ) "कार्यालय" भन्नाले धुर्कोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले गाउँपालिकाको संगठन संरचनामा रहेको महाशाखा/शाखा/उपशाखाका लागि गठन गरिएको प्रशासनिक एकाई वा वडा कार्यालय समेतलाई जनाउँछ।

(ज) "स्थानीय निकाय" भन्नाले साविक गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई सम्झनु पर्दछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ञ) "स्थानीय कर्मचारी" भन्नाले साविक जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकामा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम धुर्कोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा समायोजन भएका कर्मचारीलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा सम्बन्धी व्यवस्था

**३. उपदान:** पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको स्थानीय कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराइ पदबाट अलग भएमा वा भविष्यमा स्थानीय तहको सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा वा अवकाश दिइएमा देहायको दरले उपदान पाउने छ।

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाई पाई आएको आधा महिनाको तलब बराबरको रकम,

(ख) दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाई पाई आएको एक महिनाको तलब बराबरको रकम,

भुपाल पोखरेल
अध्यक्ष

Scanned with CamScanner

(ग) पन्ध्र वर्षदेखि बीस वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाई पाई आएको डेढ महिनाको तलव बराबरको रकम,

(घ) बीस वर्षदेखि पच्चीस वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाई पाई आएको दुई महिनाको तलव बराबरको रकम,

(ङ) पच्चीस वर्षभन्दा बढी सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको अढाई महिनाको तलव बराबरको रकम।

**४. योगदानमा आधारित उपदान:** स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ९१ को उपदफा २ मा जुनसुकै कुरा उल्लेख भएता पनि निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० बमोजिमको कर्मचारीको योगदान सम्बन्धी रकम सो ऐन लागू भएपछि स्थानीय तहमा नियुक्त भएका स्थायी कर्मचारीहरुलाई मात्र लागु भएको मानिने छ।

**५. कर्मचारी कल्याण कोष:** कर्मचारी कल्याण कोषमा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम तत्कालीन स्थानीय निकाय तर्फका कर्मचारीहरुलाई उपदान, औषधि उपचार, विदा बापतको रकम भुक्तानी गर्न लागि कोषको स्थापना गर्नुपर्नेछ। स्थानीय तहले प्रत्येक वर्ष आफ्नो कार्यालयलाई आवश्यक पर्ने रकम जम्मा गर्नु पर्दछ।

**६. औषधि उपचार खर्च:** स्थानीय तहमा समायोजन भएका कर्मचारीले सेवा अवधिभरमा अधिकृतस्तरको कर्मचारी भएमा बाह्र महिना बराबरको र सहायकस्तरको कर्मचारी भए अठार महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्च वापत पाउने छ।

**७. वीमा सम्बन्धी व्यवस्था:** स्थानीय तहले स्थानीय तहका कर्मचारी र सो तहबाट समान रकम व्यहोर्ने गरी वीमा सम्बन्धी आवश्यक व्यवस्था गराउन सक्नेछ।

**८. बिदाको रकम भुक्तानी:** स्थानीय तहका कर्मचारीहरुलाई प्रचलित ऐन कानून अनुसार कर्मचारीको संचित विदा वापतको रकम भुक्तानी गरिने छ।

९. स्थायी कर्मचारीहरुको अवकाश हुँदा वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपचार खर्च, बिरामी विदा, घर बिदा लगायतका सुविधा संघीय र प्रादेशिक कानुनहरुलाई आधार मानी गणना गरिनेछ।

**१०. बाधा अडकाउ फुकाउने:-**

(१) यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

भुपाल पोखरेल
अध्यक्ष

Scanned with CamScanner

- यो कार्यविधि साविक स्थानीय निकाय (जिविस, गाविस, नगरपालिका) बाट स्थायी नियुक्ति भई धुर्कोट गाउँपालिकामा समायोजन भएका कर्मचारीहरुमा मात्र लागू हुनेछ । नियमानूसार धुर्कोट गाउँपालिकामा समायोजन भई यो कार्यविधि लागु हुनुभन्दा अगावै अवकास भएका तर सेवा सुविधा प्राप्त नगरेका स्थानिय कर्मचारीको अवकास पछिको सेवा सुविधा पनि यसै कार्यविधिको आधारमा प्रदान गरिनेछ ।

भुपाल पोखरेल
अध्यक्ष

Scanned with CamScanner